# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, असार २० गते, २०७३ साल ( संख्या १३

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

सूचना २

**अन्तःशुल्क (सोह्रौं संशोधन) नियमावली, २०७३**

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "अन्तःशुल्क (सोह्रौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ को नियम २३ मा संशोधन : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २३ को,-

(१) उपनियम (१) मा रहेका "एक प्रतिशत भन्दा बढीले" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (३) मा रहेका "दुई प्रतिशतसम्म" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल नियमावलीको नियम २३क. मा संशोधन</u> : मूल नियमावलीको नियम २३क. को उपनियम (२) मा रहेका "पन्ध्र दिन" भन्ने शब्दहरुको सट्टा "तीस दिन" भन्ने शब्दहरु राखिएका छन् ।